# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

# M/s Taragaon Regency Hotels Ltd.

वौद्ध, काठमाण्डौ, नेपाल, फोन: ४२१७१२३, फ्याक्स: ५१७८३३३

HYATT REGENCY

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको

## आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक समिक्षा अवधिको प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण ।**

यस आर्थिक वर्ष २०७९।०८० को तेस्रो त्रैमासिक समिक्षा अवधि १७ जुलाई २०२२ देखि ३१ मार्च २०२३ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तिय विवरण तथा गत आ.व. २०७८।०७९ को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तिय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेका छन् :**

| विवरणहरु | आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक अवधि | आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिक अवधि |
|---|---|---|
| प्रतिशेयर आम्दानी/(नोक्सानी) | १२।६६ | २।२० |
| प्रतिशेयर नेटवर्थ | १३१।६९ | ११८।२१ |
| P/E Ratio | ३६।७३ | १६७।५८ |
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य | १९४।२७ | १७४।०५ |
| तरलता अनुपात | १।७७ | १।६१ |

**२) व्यवस्थापकीय विश्लेषण**

क) गत आर्थिक वर्ष २०७८।०७९ को तेस्रो त्रैमासिक समिक्षा अवधिमा कूल आम्दानी रु ५०.३२ करोड भई कर व्यवस्था पछिको खुद नाफा रु ४.१४ करोड भएकोमा यस आर्थिक वर्ष २०७९।०८० को तेस्रो त्रैमासिक समिक्षा अवधिमा होटलको व्यवसायमा उल्लेख्य वृद्धि भएको हुदाँ कूल आम्दानी रु ५१.२३ करोडले बढेर रु १०१.५५ करोड हुन गई कर व्यवस्था पछिको खुद नाफा रु २३.८८ करोड भएको जानकारी गराउँदछौं ।

ख) निर्माण सम्पन्न पश्चात् अविछिन्न रुपमा संचालनमा रहेका कोठाहरुलाई समय सापेक्ष थप सुन्दर तथा आकर्षक बनाई राख्न, नयाँपन र ताजगी प्रदान गरी ग्राहकहरुको सन्तुष्टि बढाउन, प्रतिष्पर्धी बजारमा आफूलाई अग्रणी स्थानमा अब्बल कायम राखी राख्न हाल कम्पनीले Soft Room Refurbishment सम्बन्धिको काम गरिरहेको छ । प्रतिष्पर्धी बजारमा ग्राहकहरुलाई थप सुविधा दिई आर्कषण गर्न नयाँ स्वाद पस्किने योजना स्वरुप कम्पनीले हालै संचालन गरेको Sesame Restaurant बाट एसियाली, इन्डियन र युरोपियन स्वादिष्ट परिकारहरु पस्किदै आईरहेको छ । नयाँ नयाँ विभिन्न स्तर तथा ब्राण्डका पर्यटक स्तरका र विभिन्न तहका तारे होटलहरु बजारमा थपिने क्रम जारी रहेको छ र सोही अनुरुप प्रतिष्पर्धा पनि बढेको छ । प्रतिस्पर्धी बजारमा आफुलाई साविकमा जस्तै अग्रणी स्थानमा कायम राखी राख्न उपलब्ध अद्वितिय विशिष्ट स्रोत तथा साधनहरुको समुचित उपयोग गर्दै कुशल व्यवस्थापन मार्फत ग्राहक केन्द्रित सेवा रणनीति अपनाई ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवा सुविधाहरु उपलब्ध गराई आम्दानीलाई उल्लेख्य सुधार गर्ने र खर्चहरुमा मितव्ययीता अपनाई कटौती तथा नियन्त्रण गरि नाफामा सुधार गर्ने प्रयास जारी रहेको छ । बढ्दो व्यवसायिक प्रतिष्पर्धालाई मध्यनजर गर्दै आम्दानीका अन्य स्रोतहरुको पहिचान गरी सोमा लगानी गर्ने प्रयोजनार्थ विभिन्न परियोजनाको सम्भाव्यता अध्ययनको कार्य जारी रहेको छ । सम्भाव्यता अध्ययन पश्चात् लागत र प्रतिफलको विश्लेषण गरी शेयरधनीहरुको उच्चतम हितमा हुने परियोजना शुरु गरिने कार्यनीति रहेको छ । स्वदेशी तथा विदेशी ग्राहकहरुलाई लक्षित गरि विभिन्न योजना तथा कार्यक्रमहरु संचालन गरि बिक्री तथा नाफामा उल्लेख्य सुधार ल्याउने र शेयरधनी महानुभावहरुलाई जति सक्दो छिटो बढी भन्दा बढी प्रतिफल वितरण गर्ने लक्ष्य रहेको छ ।

ग) देशको आर्थिक विकासको लागि पर्यटन क्षेत्रको विकास अपरिहार्य रहेकोले पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, रोजगारी सिर्जना गर्ने र विश्वसामु नेपाली कला संस्कृतिको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप नाफामुलक व्यवसायको रुपमा हजारौं स्वदेशी तथा विदेशी लगानीकर्ताहरुद्वारा संस्थापित एंव संचालित यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडले पर्यटन क्षेत्रमा हालसम्म पाँचौ पटक सबै भन्दा बढी आयकर तिरी बुझाई राजश्व संकलन मार्फत समग्र देश विकासको निमित्त महत्वपूर्ण भुमिका निर्वाह गरी सम्मानित भएको र पर्यटन क्षेत्रमा सबै भन्दा बढी विदेशी मुद्रा आर्जन गरी सम्मानित भएको स्मरण गराउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई विश्वका उत्कृष्ट होटल्सहरुको जानकारी प्रवाह गर्ने र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले भारतमा संस्थापित Hotel Critics & Bloggers Association ले यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (हायात रिजेन्सी काठमाण्डौं) लाई "Nepal's Best Luxury Hotel Award 2022" प्रदान गरेको व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

**३) कानूनी कारवाही सम्बन्धी विवरण:**

क) यस आर्थिक वर्ष २०७९।०८० को तेस्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्धा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) धितोपत्र बजारमा शेयरको कारोबारमा हुने उताव चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छ:

| विवरणहरु | आ.व. २०७९।०८० को तेस्रो त्रैमासिक | आ.व. २०७८।०७९ को तेस्रो त्रैमासिक |
|---|---|---|
| अधिकतम मूल्य | ५०७।०० | ४०९।०० |
| न्यूनतम मूल्य | ३६९।६० | ३३८।०० |
| अन्तिम मूल्य | ४६५।०० | ३६८।०० |
| कारोबार भएको कुल दिन | ५५ | ६० |
| कुल कारोबार संख्या | ६,१८१ | २,८८६ |
| कुल कारोबार शेयर संख्या | १७,७७,२२७ | ४,५३,६६१ |

**५) समस्या तथा चुनौती:**

**क) समस्या तथा चुनौतीहरु:**

**आन्तरिक समस्याहरु:** यस कम्पनीमा आन्तरिक कुनै समस्या रहेको छैन ।

**बाह्य समस्याहरु:**

- विश्वको शक्तिशाली देश संयुक्त राज्य अमेरिकाको **Silicon Valley Bank, Signature Bank** र **First Republic Bank** डुबेसँगै विश्व अर्थतन्त्रमा नकारात्मक असर पर्नु ।
- कोभिड-१९ महामारीले विश्व अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव स्वरुप प्राय जसो व्यापार व्यवसाय सामान्य रुपमा अगाडी बढ्न नसक्दा आर्थिक वृद्धिदरमा संकुचन आउनु ।
- बजारमा तरलताको चरम संकटको कारण बैंकहरुसँग लगानीयोग्य रकमको अभाव हुनु ।
- बैंकहरु बिच बचतको लागि अस्वस्थ प्रतिष्पर्धा हुँदा बैंकहरुले प्रवाह गर्ने कर्जा लगानीमा अस्वभाविक ब्याजदर बढ्नु ।
- अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढे सँगै सरसामानहरुको लागत मुल्य बढ्नु ।
- आर्थिक वृद्धिदर ज्यादै न्यून भई रहेको परिस्थितिमा त्यसको ठीक विपरीत मुद्रास्फीति उच्च दरले बढ्नु ।
- देशको राजनैतिक उताव चढावको कारणले गर्दा पर्यटन क्षेत्रमा पर्ने असर ।
- देशमा नयाँ विभिन्न स्तर र ब्राण्डका पर्यटक स्तरका र विभिन्न तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढ्नु तर त्यसै अनुरुप गुणस्तरीय पर्यटकको आगमन नहुनु ।
- पर्यटन प्रवर्द्धनको लागि स्पष्ट कार्यनीति नहुनु र पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु ।
- विदेशी मुद्राको विनिमय दरमा भईरहने उतार चढाव ।
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने बन्द तथा हड्ताल जसको कारणले आन्तरिक तथा बाह्‍य पर्यटनमा पर्ने नकारात्मक प्रभाव ।
- प्राकृतिक तथा दैविक प्रकोपहरु ।
- नयाँ नयाँ पर्यटन गन्तव्यहरुको खोजी तथा प्रचार प्रसार उचित मात्रामा नहुनु ।

**ख) रणनीती:**

- ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवाहरु प्रदान गर्दै थप ताजगी तथा नयाँपन प्रदान गर्नको लागि होटलको आवश्यक मर्मत,सुधार तथा संभार गर्ने ।
- स्वदेशी तथा विदेशी ग्राहकहरुलाई अन्तर्राष्ट्रियस्तरको उच्च गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न नयाँ बजार तथा गुणस्तरीय ग्राहकहरुको खोजी गर्ने ।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने ध्येय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने ।
- अन्य बाह्‍य चुनौतीहरुलाई अवसरको रुपमा लिई अद्वितिय विशिष्ट स्रोत साधनहरुको प्रयोग गरी कुशल व्यवस्थापनद्वारा कम्पनीको हितमा सदुपयोग गर्न सदैव क्रियाशिल रहने ।
- संभावित प्राकृतिक तथा दैविक प्रकोपहरु बाट हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनलाई मध्यनजर गर्दै प्रतिकुल अवस्थामा पनि व्यवसायको निरन्तरताको लागि आवश्यक कार्यहरु गर्ने ।

**६) संस्थागत सुशासन**

कम्पनीले प्रचलित ऐन तथा कानून, नेपाल तथा अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७) सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

## अनुसुची-१

### Statement of Financial Position

| Particulars | As on 31-Mar-23 | As on 31-Dec-22 | As on 31-Mar-22 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 1,715,521,664 | 1,726,333,451 | 1,620,107,895 |
| Right of Use | 40,905,657 | 40,905,657 | - |
| Intangible Assets | 137,336 | 152,336 | 3,812 |
| Work in Progress | 11,514,518 | 6,510,561 | 91,530,823 |
| **Total Non-Current Assets** | **1,768,079,175** | **1,773,902,005** | **1,711,642,530** |
| **Current Assets:** | | | |
| Inventories | 18,926,576 | 22,203,967 | 10,996,637 |
| Trade and Other Receivables | 179,377,727 | 203,320,610 | 157,430,214 |
| Advance & Deposit | 215,195,807 | 203,892,654 | 195,809,398 |
| Investment | 1,327,378,903 | 1,285,574,809 | 1,037,150,000 |
| Cash and Cash Equivalents | 156,177,416 | 120,668,851 | 170,775,040 |
| **Total Current Assets** | **1,897,056,429** | **1,835,660,891** | **1,572,161,290** |
| **Total Assets** | **3,665,135,604** | **3,609,562,896** | **3,283,803,820** |
| **Equity & Liabilities** | | | |
| **Equity:** | | | |
| Share Capital | 1,886,654,000 | 1,886,654,000 | 1,886,654,000 |
| Reserves | 513,940,252 | 540,137,897 | 281,166,575 |
| **Total Equity** | **2,400,594,252** | **2,426,791,897** | **2,167,820,575** |
| **Liabilities:** | | | |
| **Non Current Liabilities:** | | | |
| Employee Benefits | 64,686,330 | 61,589,786 | 77,963,036 |
| Deferred Tax Liabilities | 83,918,727 | 83,918,727 | 62,481,168 |
| Lease Liability | 44,368,142 | 44,368,142 | - |
| **Total Non-Current Liabilities** | **192,973,199** | **189,876,655** | **140,444,204** |
| **Current Liabilities** | | | |
| Unsecured Loans | 38,810,817 | 38,810,817 | 42,084,347 |
| Trade and Other Payables | 984,610,572 | 886,216,811 | 880,279,563 |
| Employee Benefit and Provisions | 48,146,764 | 67,866,716 | 53,175,132 |
| **Total Current Liabilities** | **1,071,568,153** | **992,894,344** | **975,539,041** |
| **Total Liabilities** | **1,264,541,352** | **1,182,770,999** | **1,115,983,245** |
| **Total Equity and Liabilities** | **3,665,135,604** | **3,609,562,896** | **3,283,803,820** |

### Statement of Profit & Loss Account

| Particulars | Unaudited Period Ended 31-Mar-23 | Unaudited Period Ended 31-Dec-22 | Unaudited Period Ended 31-Mar-22 |
|---|---|---|---|
| Revenue from Operations | 906,176,809 | 531,179,093 | 418,295,369 |
| Other Income | 109,370,337 | 93,133,351 | 84,948,450 |
| **Total Income** | **1,015,547,146** | **624,312,444** | **503,243,819** |
| Operational Expense and Other Costs of Operation | 456,566,991 | 325,711,612 | 258,156,456 |
| Administrative Overhead | 205,906,910 | 133,218,659 | 147,123,087 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **353,073,245** | **165,382,173** | **97,964,276** |
| Depreciation and Amortization Expenses | 49,777,236 | 30,566,765 | 56,535,100 |
| **Profit Before Tax** | **303,296,009** | **134,815,408** | **41,429,176** |
| Current tax | 64,450,402 | 28,648,274 | - |
| **Profit After Tax** | **238,845,607** | **106,167,134** | **41,429,176** |

**Note:** If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly.